# रौतामाई सम्पादकीय

## उत्कृष्टताको शिखरमा उदयपुरका स्वास्थ्य संस्था

आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्यांकनमा कोशी प्रदेशभरिका जिल्ला अस्पतालहरूमध्ये उदयपुर जिल्ला अस्पताललले प्रथम स्थान हासिल गर्नु गौरवको विषय हो । कार्तिक २९ र ३० गते बिराटनगरमा आयोजित प्रदेशस्तरीय एकीकृत वार्षिक समीक्षा कार्यक्रममा ८५.३८ स्कोरसहित अस्पतालले यो उपलब्धि हासिल गरेको हो । यो सफलता अस्पताल व्यवस्थापन, चिकित्सक तथा कर्मचारीहरूको अथक प्रयास र सामूहिक समर्पणको स्पष्ट उदाहरण हो ।

त्यस्तै, स्वास्थ्य कार्यालय उदयपुरले पनि प्रदेशभरि दोस्रो स्थान हासिल गर्नु जिल्लाकै लागि अर्को खुसीको खबर हो । इलाम स्वास्थ्य कार्यालय पहिलो हुँदा उदयपुरले आफ्नो कार्यसम्पादनमा उल्लेख्य सुधार गरेको देखिएको छ । आगामी दिनमा स्वास्थ्य सेवा थप गुणस्तरीय र जनमुखी बनाउँदै सेवाग्राहीको विश्वास कायम राख्ने प्रतिबद्धताले निरन्तर सुधारको अपेक्षा जगाएको छ ।

कोशी प्रदेश सरकारले वार्षिक समीक्षा गरी सेवा प्रवाहको मूल्यांकन गर्ने प्रणालीले स्वास्थ्य संस्थाहरूलाई जिम्मेवार र प्रतिस्पर्धी बनाएको छ । उदयपुर जिल्ला अस्पताल र स्वास्थ्य कार्यालयको यो उपलब्धिले अन्य स्वास्थ्य संस्थाहरूलाई पनि उत्कृष्ठ कार्यसम्पादन गर्न प्रेरणा मिल्नेछ । अबको चुनौती भनेको यो सफलतालाई निरन्तरता दिँदै जनतालाई उत्कृष्ट, गुणस्तरीय र सम्मानजनक स्वास्थ्य सेवा उपलब्ध गराउनु हो ।

## आजको राशिफल

- ज्यो.प. मुकुन्दप्रसाद

मेष - यात्रा गर्ने योग छ । यात्रामा सावधानी अपनाउनु होला।

बृष - परोपकार तथा सहयोग आदिमा भूमिका निर्वाह गर्न पाइनेछ ।

मिथुन - सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै बढी लाभ मिल्नेछ ।

कर्कट - आज शुभकार्यको चर्चा चल्नेछ ।

सिंह - जोशजाँगर र हिम्मत बढ्नेछ ।

कन्या - लाभहानी, आयव्यय, सुखदु:ख बराबरी हुनेछ ।

तुला - सेवा गर्ने अवसर जुट्न सक्छ ।

बृश्चिक -काम बिगार्न चाहनेहरु अगाडि बढ्न सक्छन् ।

धनु - स्वरोजगारीका निम्ति दौडधुप गर्नुपर्ने हुन सक्छ ।

मकर - समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ ।

कुम्भ - धन हात पर्ने योग छ ।

मीन - सजिलै अरूको मन जित्न सकिएला र लाभ मिल्नेछ ।







## कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कटारी, उदयपुर

### आन्तरिक आय तर्फको शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः- २०८२/०८/०१

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११घ(६), कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ७ को उपदफा (१) सँग सम्बन्धित अनुसूची- ६ मा व्यवस्था भएको दर रेट, सार्वजनिक खरीद ऐन,२०६३ तथा नियमावली-२०६४, र कटारी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ब्यबस्था भएअनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको लागि कटारी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा खोलाको ढुङ्गा, गिटी तथा बलुवा उत्खनन्, संकलन तथा विक्री गर्ने कार्य ठेक्काबाट तपशिलक बमोजिमका खण्डका न्युनतम अंकमा नघट्ने गरी आ.ब.२०८२/०८३ को ठेक्का बन्दोबस्त गर्न शिलबन्दी दरभाउ पत्र आह्वानको ७ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिबाट तोकिएको म्यादभित्र कानूनी प्रकृया पूरा गरेका ठेक्का, लिन ईच्छुक योग्य फर्महरुले तोकिएका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र खरीद गरी निर्धारित मिति र समय भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ।

**ठेक्का विवरण:-**

| क्र.सं | ठेक्का विवरण | ठेक्का नं. | परिमाण घ.मि. | न्युनतम बिक्रि मूल्य (मु.अ.क. बाहेक) | शिलबन्दी दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | नागढुंगा क बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/04/082/83 | २,०१६ | ४,९८,३६१ /- | १,००० /- |
| २ | नागढुंगा ख बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/05/082/83 | ३,१६४ | ७,८२,१४० /- | १,००० /- |
| ३ | कालीखांडी दोभान क्षेत्र (तावा खोला), वडा नं. ५ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/06/082/83 | ३,१३७.४० | ७,७५,५७५ /- | १,००० /- |
| ४ | स्मृति वाटिका क्षेत्र (ककुर खोला), वडा नं. ४ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/07/082/83 | ६,३९१.८० | १५,८०,०७२ /- | १,००० /- |
| ५ | हडैया खोला क्षेत्र, वडा नं. ३ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/08/082/83 | २,५३५.३० | ६,२६,७३४ /- | १,००० /- |
| ६ | भुन्टे चौर कमला नदी बगर क्षेत्र क, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/09/082/83 | ६,७२० | १६,६१,२०४ /- | १,००० /- |
| ७ | भुन्टे चौर कमला नदी बगर क्षेत्र ख, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/10/082/83 | ६,४९६ | १६,०५,८३० /- | १,००० /- |
| ८ | मझुवा बगर क्षेत्र क (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/11/082/83 | २,८८० | ७११,९४५ /- | १,००० /- |
| ९ | मझुवा बगर क्षेत्र ख (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/12/082/83 | ३,४२० | ८,४५,४३४ /- | १,००० /- |

शिलबन्दी दरभाउ पत्र खरिद गर्नु पर्ने अन्तिम मितिः **२०८२/०८/०७,** कार्यालय समयभित्र

शिलबन्दी दरभाउ पत्रदाताले शिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्ने अन्तिम मितिः **२०८२/०८/०८, दिनको १२:०० भित्र**

शिलबन्दी दरभाउ पत्र खोल्ने मिति : **२०८२/०८/०८, दिनको ०१:००**

धरौटी रकमः मु.अ.कर सहितको कुल कबोल अङ्कको ५%ले हुन आउने रकम वा ७५ दिनको बैङ्क जमानत

**शिलबन्दी दरभाउ पत्र खरिदको लागि**

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखा

कार्यालयको नाम: कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी

बैंक खाता नम्बर: २०५०१००३०१०१०००२ (शिलबन्दी दरभाउ पत्र खरिदको लागि)

राजस्व शीर्षक नम्बर: १४२२९

**शिलबन्दी दरभाउ जमानतको लागि:**

बैंक खाता नम्बर: २०५०१००३०३००००२

अफिस कोड: १३-३६५-११

थप जानकारीको लागि कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला अथवा PPMO को www.bolpatra.gov.np/egp मा हेर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**

